मिति:२०७८/०१/०५
समय: बिहान १०:३० बजे
बैठक संख्या:१२५

**छलफल तथा निर्णयः**

समितिको आजको बैठक समितिका मा. सभापतिज्यूको अध्यक्षतामा बस्यो। बैठकमा नेपाल सरकारबाट निजी तथा सार्वजनिक क्षेत्रमा काम गर्ने सबै किसिमका श्रमिकहरुको जीवन सुरक्षित गर्ने उद्देश्यले २०७६ साल साउन १ गतेदेखि लागु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको प्रभावकारिता, कार्यान्वयनमा रहेका समस्या र समाधानका सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव र सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशकसँग छलफल भयो। छलफल पश्चात देहायबमोजिम निर्णय भयो:

१. सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यान्वयनको सन्दर्भमा देखिएका समस्याका सम्बन्धमा समितिको आगामी बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा, उद्योग, वाणिज्य तथा आपूर्ति, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, शिक्षा, गृह, अर्थ मन्त्रालय लगायत सम्बन्धित सरोकारवाला सबै निकायहरुलाई आमन्त्रण गरी थप छलफल गर्ने।

२. नेपालमा श्रम गर्नसक्ने जनशक्तिको वास्तविक संख्या, निजी क्षेत्रको संगठित क्षेत्रमा स्थापित प्रतिष्ठानहरुको संख्या, संगठित तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुको संख्या, सार्वजनिक (सार्वजनिक संस्थान समेत) क्षेत्रमा कार्यरत अस्थायी, करार र ज्यालदारी श्रमिकहरुको संख्या, सम्पूर्ण श्रमिकहरु मध्ये हालसम्म कोषमा आवद्ध रहेका श्रमिकहरुको संख्या, उक्त श्रमिकहरुबाट जम्मा भएको रकम, कोष सञ्चालन खाता रहेका बैङ्कहरु, उक्त कोषबाट सुविधा बापत भुक्तानी गरिएको रकम र मन्त्रालयले तयार गरेको सामाजिक सुरक्षा कोष तथा लगानी सम्बन्धी कार्यविधि लगायतका सम्पूर्ण विवरण यस समितिलाई ७ (सात) दिनभित्र उपलब्ध गराउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिने।

३. शिव स्टोर, भद्रपुरले भगवती स्टोर्सलाई सामान बिक्री गरी पठाउँदा जिल्ला प्रहरी कार्यालय ईनरुवाले अबैध सामान भनी पक्राउ गरी उक्त सामान जफत गरेको भनी दिएको निवेदनको सम्बन्धमा अर्थ मन्त्रालयसँग जवाफ माग गर्न सचिवालयलाई निर्देशन दिने।

(झलक शर्मा सापकोटा)
समिति सचिव

(विमल प्रसाद श्रीवास्तव)
सभापति